| 1 | Fabricators | 29 | 0 | 1200 | ४३,८९५ | श्र.ऐ. अनुसार | ८ घण्टा | ६ दिन | श्र.ऐ. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Helper | 35 | 0 | 800 | २९,२६५ | | | | | | | |
| 3 | Mason (Concrete Works) | 50 | 0 | 1200 | ४३,८९५ | | | | | | | |
| 4 | RIGGERS | 35 | 0 | 1200 | ४३,८९५ | | | | | | | |
| 5 | STEEL FIXER/ROD BINDER | 50 | 0 | 1200 | ४३,८९५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ १९ गते (4th Sep. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1688/080/081

**GREAT NEPAL H.R PVT.LTD.**
Chundevi-04, Kathmandu, Nepal, Ph. No: 01-4547074, Mobile: 9705000220, 9705000221
E-mail : infogreatnepalhr@gmail.com, Web: www.greatnepalhr.com.np



**रोशी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**रोशी-७, काभ्रेपलाञ्चोक**
**बागमती प्रदेश, नेपाल**

ROSHI RURAL MUNICIPALITY

**सेवा करारमा लिने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८१/०५/१२**

यस रोशी गाउँपालिका अन्तर्गत विभिन्न स्वास्थ्य संस्थाको लागि निम्न बमोजिमको पदमा खुल्ला प्रतियोगिताको माध्यमबाट करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले ईच्छुक नेपाली नागरिकबाट दरखास्त पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं | पद | तह | माग पद संख्या |
|---|---|---|---|---|
| १ | १/०८१/८२ | हेल्थ असिस्टेन्ट | पाँचौ | ८ |
| २ | २/०८१/८२ | स्टाफ नर्स | पाँचौ | १ |

१) **परिक्षाको किसिमः**– लिखित र अन्तरवार्ता ।
२) **परिक्षा केन्द्रः**– रोशी गाउँपालिका ।
३) **उम्मेदवारको उमेर हदः**– दरखास्त दिने अन्तिम मिति सम्ममा १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको हुनु पर्ने ।
४) **उम्मेदवारको योग्यताः**– विज्ञापन नं १/०८१/८२ को लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट हे.अ वा सो सरह उत्तिर्ण गरेको ।
विज्ञापन नं २/०८१/८२ को लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट staff nurse वा सो सरह उत्तिर्ण गरेको ।
५) **दरखास्त दस्तुरः**– रू ७००/-
६) **दरखास्त दिने अन्तिम मितिः**– २०८१/०५/२६ गते दिनको २ बजे भित्र ।
७) **दरखास्त बुझाउने स्थानः**– रोशी गाउँपालिका कार्यालय, प्रशासन शाखा ।
८) लिखित परिक्षाको मिति पछि तोकिने छ ।
९) **तलव स्केलः**– नेपाल सरकारले निर्धारण गरे वमोजिम ।
१०) रितपुर्वक प्राप्त नभएको र म्याद नाघि आएको दरखास्त उपर कुनै कारवाही हुने छैन ।
११) सूचनामा उल्लेख भए बाहेकका अन्य कुराहरू प्रचलित कानून बमोजिम गठित उम्मेदवार छनौट तथा सिफारिस समितिले निर्धारण गरे वमोजिम हुनेछ ।
१२) हाल सालै खिचिएको पासपोर्ट साईजको फोटो ३ प्रति ।
१३) अन्य प्रचलित कानूनद्वारा अयोग्य नभएको ।
१४) दरखास्त साथ उम्मेदवारको व्यक्तिगत विवरण, नेपाली नागरिकता, शैक्षिक योग्यता, अनुभव, प्रचलित नेपालको कानून वमोजिम विभिन्न काउन्सिल वा परिषदमा दर्ता भएको प्रमाणित प्रतिलिपि, कार्यालयको राजस्व शाखामा राजस्व तिरेको रसिद संलग्न हुनु पर्नेछ ।
१५) थप जानकारीको लागि ९८५१०८१७९१, ९८१८१९६९१९, ९८४९६९४५७९
१६) दरखास्त दस्तुर रोशी गाउँपालिकाको सिद्धार्थ बैंक, रोशी शाखा, कटुञ्जेवेशीको राजश्व खाता नं ०३६१८२११५५० मा जम्मा गरी सक्कल बैंक भौचर पेश गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक National Daily

## सम्पादकीय

### राजमार्गको सास्ती कहिले हट्ला ?

वर्षात्को मौसम सुरु भएसँगै सडकमार्गबाट गरिने यात्रा जोखिमपूर्ण हुने गरेको छ । मुलुकको जटिल भौगोलिक अवस्थितिले पनि यो अवस्था निम्त्याउनु केही हदसम्म स्वाभाविक मान्न सकिन्छ । तर, यसमा सरकारको कमजोरीले ठूलो काम गरेको छ ।

गत बुधबार बिहान १०:३० बजे पहिरो खसेपछि काठमाडौंको चन्द्रागिरि नगरपालिका–२ नागढुंगास्थित सडक अवरुद्ध बन्यो । राजधानीमै भएको उक्त अवरोध हटाएर सडक सञ्चालनमा ल्याउन करिब सात घण्टा लाग्यो । सडकमा खसेको पहिरो हटाएपछि साँझ ५ बजदेखि एकतर्फी सवारी आवागमन खुलाइएको थियो । नागढुंगा चोकबाट केही १०० मिटर पर नागमन्दिर नजिकै पहिरो खसेको हो । जसका कारण काठमाडौं भित्रिने र बाहिरिने सबै सवारीसाधान दिनभर ठप्प बनेको थियो । बुधबार नै पृथ्वीराजमार्गअन्तर्गत तनहुँको घाँसीकुवा–डुम्रे सडकखण्डमा पहिरो खस्यो । व्यास नगरपालिका–१२ घाँसीकुवामा बुधबार साँझ ५ बजे गएको पहिरोबाट अवरुद्ध सडक खुलाउन २४ घण्टा लाग्यो ।

यी त प्रतिनिधि घटनामात्रै हुन् । वर्षात्को मौसममा मुलुकका राजमार्गहरू पहिरोको जोखिममा रहनेबारे सरकार जानकार नभएको होइन । तर, यी घटनाबाटै प्रस्ट हुन्छ सरकारको तयारी कस्तो छ भन्ने । राजधानीकै सडक खुलाउन सरकारलाई सात घण्टा लाग्छ । सरकारको यो कमजोरी वा लापरवाहीले गर्दा हजारौं यात्रु सडकमै अलपत्र पर्न बाध्य हुनुपरेको छ । यो विषयमा सरकार गम्भीर बनेकै देखिएन । गम्भीरतापूर्वक लागेको भए राजमार्गको पहिरो तत्काल हटाउने गरी तयारी गर्नुपर्थ्यो ।

यहीबीच बिहीबार भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले वर्षाका कारण अवरुद्ध भएका राजमार्ग दुई घण्टाभित्र सञ्चालन गराउने गरी आवश्यक जनशक्ति परिचालन गरिने बताए । प्रतिनिधिसभाको गत बिहीबारको बैठकमा आकस्मिक र शून्य समयमा सांसदहरूले सडक र भौतिक पूर्वाधारका विषयमा उठाएका प्रश्नको जवाफ दिने क्रममा उनले यस्तो प्रतिबद्धता जनाएका हुन् । उनको यो प्रतिबद्धता विश्वासयोग्य छैन । किनकि, यस्ता प्रतिबद्धता विगतमा कतिपटक आइसकेका छन् । मन्त्रीले मात्रै होइन, प्रधानमन्त्रीबाटै आएका प्रतिबद्धता कार्यान्वयनमा आउँदैन/आएको छैन ।

मन्त्री दाहालले संसद्समक्ष जनाएको प्रतिबद्धता कतिको पूरा गर्छन् त्यो अवश्य देखिने छ । यतिबेला प्रतिबद्धता होइन, नतिजा देखिने काम चाहिएको छ ।

## मनन्योग्य

### चाणक्य नीति

धर्म र अधर्मका तत्व के हुन् भन्ने कुरा भगवान् स्वयम्ले मात्र सुनुभएको छ अथवा भगवान्लाई भेट्न पाउने ऋषि महर्षिहरूले युकेका होलान् । भगवान्को त्यो रूप जसले सकल प्राणीको हृदयभित्र रहेर सम्पूर्ण जगत् र प्राणीहरूलाई आफूभित्र समाहित गरेको छ । धर्मकै आधारमा नै सबैको स्थिति (व्यवस्था बनेको छ । धर्ममा नै सबै कुरा आबद्ध छन् । यसैले धर्मलाई परम तत्व भनिएको छ ।

भाव-भेदका कारण (१) आध्यात्मिक (२) आधिदैविक (३) आधिभौतिक गरी तीनवटा धर्मका स्वरूप छन् । धर्मको पहिलो आध्यात्मिक स्वरूप स्वयम् भगवान् नै हुनुहुन्छ । दोस्रो आधिदैविक स्वरूप धर्मराज अथवा यमराजलाई मानिएको छ । यिनैले यस संसारमा विचरण गरेर पुण्य गर्ने र पाप गर्नेहरूका कर्म र कुकर्मको पहिचान गर्दै कर्मफलको व्यवस्था गर्दछन् । यसैले धर्मराजलाई सकल प्राणीको व्यावहारिक धर्मको अधिष्ठात् देवता हुन् भनी मानिदै आएको छ । तेस्रो आधिभौतिक स्वरूप भन्नु सामाजिक व्यवस्था हो शास्त्र र यसको तत्वलाई भलिभाती बुझेका ऋषि सामाजिक व्यवस्थाका नियमहरू बनाएका छन् । यी नियमहरूको पनि देश, काल, पात्र, शक्ति, वय आदिले गर्दा अनेकौं भेद र प्रकारहरू बनेका छन् ।

यस सामाजिक नियमलाई जसले तोड्दछ, कसूर ठहरिन्छ । कसूरको मात्रालाई विचार गरर यस्तो कसूर गर्नेलाई दण्ड सजाय गर्ने नै 'धर्म देवता' हुन् । जसलाई 'यमराज' पनि भनिन्छ । यमराज कतिसम्म सावधान भई आफ्नो कर्तव्यको पालना गर्नुपर्छ अति सामान्य त्रुटी हुन गएछ भने यमराज स्वयम्ले पनि सजाय भोग्नु पर्द भन्ने कुरा हामी ज्यादै थोरै व्यीक्त मात्रले थाहा पाएका छौं ।

पृथ्वीको नैऋत्य कोणमा धर्मराजको संयमिनी सहर हालको यमन या युनान हो कि भनी अड्कल गर्न सकिन्छ) । त्यस सहरमा अति विशाल (भव्य) महलहरू थिए । त्हयाँ धर्मराज आफ्ना मन्त्रीहरू र धार्मिक सभासदहरूका साथ बस्ने गर्नुहुनछ । क्रमशः

# बिपी: अग्रगमनका लागि ऊर्जा



■ विपुल पोखेल

> मुलुकले धेरैपटक राजनीतिक लडाइँमा ठूलो मूल्य चुकाइसकेको छ । राजनीतिक अधिकार स्थापित गर्ने सवालमा हामी धेरै अगाडि बढी पनि सकेका छौं । गणतन्त्रको यात्रा तय गरेर गणतन्त्रलाई अभ्यासमा ल्याउनका लागि संविधान बनाइसकेका छौं र गणतन्त्र कार्यान्वयनका दिशामा अगाडि पनि बढिसकेका छौं । अबको यात्रा भनेको समृद्धिको यात्रा नै हो । यो यात्रामा साझा प्रयत्न जरुरी हुन्छ । यसका लागि बिपीले भनेझैं घरेलु शक्तिबीचको एकता र नागरिकस्तरमा सद्भावपूर्ण अवस्था जरुरी हुन्छ । सहअस्तित्व र सबैले सबैलाई स्वीकार गर्ने संस्कृतिको प्रवर्द्धनको दिशामा हामी हिँड्न सक्नुपर्दछ ।

बिपी कोइरालाका दुईवटा भनाइ, जो सधैं चर्चामा पनि रहे र जसलाई सधैं विवादित बनाउन एउटा पक्ष लागि पनि रह्यो, ती भनाइ आज पनि अत्यन्त सान्दर्भिक रहेका छन् । 'राजा र मेरो घाँटी जोडिएको छ' भन्ने भनाइ र 'पञ्चहरू कांग्रेससँग नतर्स, कांग्रेसहरू पञ्चहरूसँग नझस्क' भन्ने बिपीको तत्कालीन समयलाई दिशाबोध गर्ने भनाइ अहिलेको अवस्थामा पनि मननीय छन् । समकालीन राजनीतिको विश्लेषणका आधारमा बिपीले व्यक्त गरेका यी भनाइहरूको मर्म बुझ्दै त्यसको गहनतामा पुगेर आत्मबोध गर्न सक्यौं भने हामीलाई समाजको समकालीन अवस्थाको विश्लेषण गर्दै समस्याको पहिचान गर्न र ती समस्यालाई सम्बोधन गर्नका लागि राष्ट्रिय एकता निर्माण गर्न मद्दत पुग्ने छ ।

बिपीको राजनीतिको विशेषता भनेको नागरिक अधिकार, राष्ट्रियता र आर्थिक, सामाजिक समानता नै हो । यी त्रिवेणीभन्दा बाहिर गएर बिपीले कुनै निर्णय गरेनन्, कुनै सम्झौता गरेनन् र यी त्रिवेणीको पक्षमा जस्तोसुकै जोखिममा पनि दृढताका साथ उभिए । एकपटक बिपीलाई सोधियो, 'तपाईंको यो लोकप्रियताका कारण के हो भन्ने लाग्छ ?' भनेर । बिपीले संक्षिप्त जवाफ दिँदै भनेका थिए कि 'मैले राष्ट्रियताको चुरो पकडेको छु, सायद त्यसैले होला ।' २०३३ सालमा देशमा संघर्ष पनि उठ्न नसकेको अवस्था, संवाद पनि बन्द भएको अवस्था, राजनीतिक संगठन (प्रशिक्षणजस्ता कार्यक्रमका साथ जनतामा पुग्ने क्रम) पनि कमजोर भएको अवस्थामा मात्र होइन, दक्षिण एसियाकै राजनीति षडयन्त्र र हस्तक्षेपका आधारमा अगाडि बढिरहेको सन्दर्भको विश्लेषण गर्दै नेपालको राष्ट्रियता खतरामा पर्ने र जनपक्षीय राजनीति कमजोर हुने देखेर बिपी कोइराला नेपाल फर्किए ।

मेलमिलापको नीतिका साथ फर्किएका उनले त्यो नीतिको व्याख्या गर्ने क्रममा भनेका थिए कि 'राष्ट्रियताका सवालमा राजाको घाँटी र मेरो घाँटी एकै ठाउँमा छ ।' यो उनको भनाइलाई एउटा पक्षले अत्यन्त विवादास्पद बनाउन खोज्यो तर बिपीको त्यो भनाइको मर्म बुझ्ने कोसिस उनीहरूले गरेनन्, त्यो भनाइको गहनता खोज्ने प्रयास गरेनन् र त्यो भनाइले नेपालको राष्ट्रिय एकताको ढोका खुला गरेको ऐतिहासिक परिवेशलाई बुझ्नै सकेनन् वा चाहेनन् । (तर, अहिले उनीहरू पनि क्रमशः राष्ट्रिय एकताको ढोका खोल्न बिपीको मेलमिलापको नीति र उनको राजासँग घाँटी जोडिएको विश्लेषणसँग सहमत देखिँदै छन् ।

देश रह्यो भने आन्तरिक प्रतिस्पर्धा गर्ने हो । घरेलु शक्तिहरूबीचको प्रतिस्पर्धा त देशलाई समृद्धिको मार्गमा लैजाने कार्यक्रम कसले राम्रो ल्याउने भन्ने कुरामा हो, नागरिकको अधिकार कसरी सुनिश्चित र उपयोगी बनाउन सकिन्छ भन्ने कुरामा हो, राज्य प्रदत्त सेवासुविधामा कसरी समान पहुँच स्थापित गर्न सकिन्छ भन्ने कुरामा हो । त्यस्तै, पिछडिएका, सीमान्तकृत नागरिकको राज्य सञ्चालनमा सहभागिताको सुनिश्चितता कसरी गर्ने भन्ने कुरामा हो । यो कुरामा सधैं प्रतिस्पर्धा गर्दै राम्रो नीति वा कार्यक्रमलाई जनअनुमोदन गरी लागू गर्ने अभ्यास नै बहुदलीय लोकतान्त्रिक अभ्यास हो । यो प्रक्रियामा हुने प्रतिस्पर्धाको प्रतिक्रियास्वरूप वा आवेगमा आएर राष्ट्रिय हितको विषयमा पनि एक ठाउँमा उभिन नसक्नु भनेको अलोकतान्त्रिक र सर्वसत्तावादी चिन्तन हो ।

बिपीले आफूलाई धेरै अप्ठ्यारा परिस्थितिमासमेत लोकतान्त्रिक चरित्र प्रदर्शन गरेका थुप्रै दृष्टान्तहरू छन् । उनले यो सन्दर्भमा कहिल्यै पनि लोकप्रिय हुने चाहना राखेनन्, सही मार्ग र निर्णयतर्फ नै अग्रसर रहन चाहे । देश डुब्ने लाग्दा, नेपालको नक्सा नै नरहने अवस्थामा उनले 'मलाई थुनेर अपदस्थ गर्ने राजा वा राजसंस्थासँग मेलमिलाप गर्दिनँ' भनेर अड्डी लिएको भए नेपाल सिक्किम हुने अवस्थामा उन्मुख हुँदै थियो । त्यो 'व्यक्तिगत इगो' लाई तिलाञ्जलि दिएर राष्ट्रियताका लागि र देशभित्र आफ्नो उपस्थितिसँगै जनपक्षीय राजनीतिमा आउने उत्साहका लागि बिपीले राजासँग घाँटी जोडिएको अभिव्यक्ति दिएर अप्ठ्यारो परिस्थितिमा नेपालका घरेलु शक्तिहरू एकै ठाउँमा उभिन्छन् भन्ने स्पष्ट सन्देश विश्वसामु दिए ।

अहिले पनि देशभित्रका घरेलु शक्तिका बीचमा बलियो एकता बन्न सकिरहेको छैन । राष्ट्रिय हितहरूमा सबै एकै ठाँउमा उभिन सकिरहेका छैनन् । आफ्नो स्वार्थ प्राप्तिका लागि छिमेकी मुलुकहरूमा बिन्ती चढाउने संस्कृति विद्यमान नै छ । नेपाली एकता, नेपाली स्वाभिमान, नेपाली अखण्डता, नेपाली सद्भाव र नेपाली सहनशीलतालाई बिथोलेर अराजक अवस्था सिर्जना गरी त्यही अराजकताका बीचबाट आफ्नो लाभ देख्ने संस्कृति व्याप्त छ । यो संस्कृतिले राष्ट्रिय एकतालाई खण्डित गर्ने काममात्र गर्ने छ । यतिबेला बिपीले राजासँग घाँटी जोडिएको अभिव्यक्ति दिएर त्यतिबेलाको बलियो घरेलु शक्तिसँग राष्ट्रिय एकताका सवालमा आफ्नो घाँटी जोडिएको भनेझैं अहिलेका मुख्य घरेलु शक्तिहरूका बीचमा पनि न्यूनतम सहमति कायम गरी अगाडि बढ्ने संस्कृति देखिन थालेको छ ।

गठबन्धनका नाममा दलहरू एकै ठाउँमा उभिने स्थिति निर्माण भएको छ । यसलाई एक प्रकारले घरेलु शक्तिका बीचमा न्यूनतम सहमतिको खोजी गर्ने अभ्यासका रूपमा विश्लेषण गर्न सकिन्छ । तर, त्यो गठबन्धनको लक्ष्य कसैलाई सिध्याउनेमात्र हुनु हुँदैन । निश्चित र घोषित उद्देश्यहरू कार्यान्वयनका लागि गठबन्धन हो भन्ने प्रस्ट सन्देश दिन सक्नुपर्दछ । 'राष्ट्रियताको सवालमा राजा र मेरो घाँटी जोडिएको छ' भन्दै नेपाल नरहे तिमी कहाँको राजा र म कहाँको नागरिक ? भन्ने प्रश्न उब्जाएर देश बचाउने अभियानमा तत्कालीन बलियो शक्तिलाई राष्ट्रियताको विषयमा गम्भीर हुन 'प्रेरित' गर्ने बिपीको त्यो अभिव्यक्ति अहिलेका ठूला र बलिया शक्तिलाई 'प्रेरित' गर्नका लागि पनि उत्तिकै महत्त्वपूर्ण छ ।

त्यसैगरी, अर्को बिपीको अभिव्यक्ति भनेको 'पञ्चहरू कांग्रेससँग नतर्स, कांग्रेसहरू पञ्चहरूसँग नझस्क' भन्ने भनाइको मर्म पनि यो बेलामा सबैका लागि अनुकरणीय हुन पुगेको छ । पञ्चायतसँग बिपी मिल्न लागेको भनेर प्रचार गर्नेहरूले यो अभिव्यक्तिको पनि अपव्याख्या गर्दै देशभर नै प्रशिक्षण चलाए । २०३७ सालको जनमत संग्रहपछि बिपीले व्यक्त गरेको यो अभिव्यक्तिको अर्थ भनेको राजनीतिमा हुने विचारको लडाइँलाई व्यक्तिगत झगडा बनाएर देशका नागरिकहरूका बीचमा लडामाती नहोस् भन्ने थियो । जनमत संग्रहमा नीलो र पहेँलोमा भोट हालेका आधारमा नेपाली जनताका बीचमा कुनै कलह नहोस् र आपसी सौहार्द्रता एवं सामाजिक सद्भाव नबिथोलियोस् भन्ने कुरामा जिम्मेवार भएर बिपीले गरेको अपिल हो त्यो । विचारको लडाइँको प्रतिनिधित्व नेतृत्वले गर्ने हो । त्यो विचारको बलमा नेतृत्वले कार्यक्रम दिने हो । त्यो विचार र कार्यक्रममा सहमत राख्ने नागरिकहरूले त्यो नेतृत्वलाई पृष्ठपोषण गर्ने हो । यो प्रक्रियामा एउटै समाजमा बसेका नागरिक नागरिकका बीचमा कलह हुनु हुँदैन, झगडा हुनु हुँदैन र सामाजिक बहिष्करणको मारमा कोही नेपाली नागरिक पर्नु हुँदैन भन्ने सन्देश प्रवाहित गर्न बिपीले त्यो अभिव्यक्ति दिएका हुन् ।

निर्वाचनमा नीलोमा भोट हाल्ने पनि र पहेँलोमा भोट हाल्ने पनि नेपाली नै हुन्, उनीहरू आपसमा कलह गर्नु हुँदैन । निरंकुशताको स्रोतमा प्रहार गर्ने हो, नागरिक नागरिकबीच कलह गर्ने होइन, भन्ने अपिलका साथ बिपीले व्यक्त गरेको सो अभिव्यक्तिलाई विवादित बनाउनेहरूले रोपेको बीउले नै अहिलेसम्म पनि सामाजिक सद्भाव र जनस्तरको एकतामासमेत समस्या पैदा गर्न थालेको छ । बिपीले त्यतिबेला कांग्रेस र पञ्चका कार्यकर्ताहरूका बीचमा लडाइँको आगो सल्काउन सक्थे र त्यसरी जन्मेको हिंसाको अवस्थामा आफ्नो राजनीतिक लाभ खोज्ने बाटो पनि रोज्न सक्थे । तर, उनले त्यसो गरेनन्, आफ्नो स्वार्थ राष्ट्रिय एकता र नेपाली सद्भावभन्दा ठूलो कुरा होइन भन्नेमा उनी स्पष्ट रहे, सधैं स्पष्ट देखिए । जातिका नाममा, भूगोलका नाममा नेपाली नेपालीलाई लडाउने काम बन्द गरी देशमा सद्भाव र बलियो एकता निर्माण गर्नका लागि बिपीको त्यो अभिव्यक्तिलाई सकारात्मकरूपमा ग्रहण गर्न सक्नु पर्दछ । यसो गरियो भनेमात्र बिपीको स्मरण गरेको र उनको सालिक वा फोटोमा माल्यार्पण गरेको अर्थ रहन्छ ।

मुलुकले धेरैपटक राजनीतिक लडाइँमा ठूलो मूल्य चुकाइसकेको छ । राजनीतिक अधिकार स्थापित गर्ने सवालमा हामी धेरै अगाडि बढी पनि सकेका छौं । गणतन्त्रको यात्रा तय गरेर गणतन्त्रलाई अभ्यासमा ल्याउनका लागि संविधान बनाइसकेका छौं र गणतन्त्र कार्यान्वयनका दिशामा अगाडि पनि बढिसकेका छौं । अबको यात्रा भनेको समृद्धिको यात्रा नै हो । यो यात्रामा साझा प्रयत्न जरुरी हुन्छ । यसका लागि बिपीले भनेझैं घरेलु शक्तिबीचको एकता र नागरिकस्तरमा सद्भावपूर्ण अवस्था जरुरी हुन्छ । सहअस्तित्व र सबैले सबैलाई स्वीकार गर्ने संस्कृतिको प्रवर्द्धनको दिशामा हामी हिँड्न सक्नुपर्दछ ।

संविधानले नै समाजवादतर्फ उन्मुख हुनका लागि सबैलाई प्रेरित गरेको छ । बिपीले नेपालका सन्दर्भमा समाजवाद भनेर नेपाली परिवेशको व्याख्या गर्दै १७ बुँदे कार्ययोजना अगाडि सारेका थिए । त्यसलाई समयानुकूल बनाउँदै अगाडि बढ्दा समाजवादको यात्रामा अघि बढ्न सकिन्छ । गाउँका नागरिकको मुहारमा हाँसो ल्याउने योजना र कार्यक्रम नै समाजवादी कार्यक्रम हो भनेर बिपीले पटकपटक भन्ने गरेका थिए । अबको लक्ष्य समाजवादतर्फको यात्रा नै हुनुपर्दछ । राजनीतिक परिवर्तनलाई संस्थागत गर्नका लागि आर्थिक क्रान्ति अनिवार्य हुन्छ । त्यसका लागि देशभित्रका शक्तिहरूबीचमा हुनुपर्ने न्यूनतम् सहकार्य जरुरी हुन्छ । सहकार्यको संस्कृति निर्माणका लागि र समाजवादी यात्रा तय गर्न बिपीले सधैं प्रेरित गरिरहेका छन् । त्यो प्रेरणा अहिलेका घरेलु शक्तिहरूले प्राप्त गर्न सके भने त्यो नै अग्रगमनका लागि ऊर्जा हुने छ । *रासस*

*(लेखक नेपाल पत्रकार महासंघका केन्द्रीय अध्यक्ष हुन्)*

# स्व. राणाको जीवनवृत्तान्त: 'सावित्री स्मृति'



■ कृष्ण किसी




समाज विकासका लागि पुराना अभिलेखको जरुरी हुनेमा सायदै कसैको दुईमत होला । यस्तै संग्रहणीय एउटा पुस्तकको नाम हो, सावित्री स्मृति (सावित्री राणा स्मृति पुष्प) । भलै यो एकजना व्यक्ति स्वर्गीय सावित्री राणा केसीको जीवनबारे विस्तृत विवरण नै होस् । पुस्तकमा भक्तपुर नासमनाका स्वर्गीय सावित्रीको जीवनकथा समावेश गरिएको छ । उनको जीवनको आरोह अवरोहको संकलन हो, सावित्री स्मृति ।

सावित्रीको जन्म २००३ मंसिर ३० गते राणा परिवारमा भएको थियो । २०८० असोज २१ गते उनको दुःखद निधन भएको थियो । उनका एक छोरा र दुई छोरी छन् । उनका श्रीमान् डा. इन्दुल केसी बहुप्रतिभाशाली व्यक्तित्त्व हुन् । पूर्वप्रशासक उनी पत्रकार, समाजसेवी, साहित्यकार, इतिहासकार, संस्कृतिविद्लगायतका रूपमा पनि परिचित छन् ।

'सावित्री स्मृति' पुस्तक ६४ पृष्ठको छ । गाता आकर्षक नै छ । भित्र श्यामश्वेत भए पनि बाहिर रंगीन नै छ । यही कारण पुस्तक हेर्दा आकर्षक लाग्छ । तर, मेरो व्यक्तिगत विचारमा मृतकको स्मृतिमा निकालेको पुस्तकलाई झिलिमिली कलर गर्नेभन्दा श्यामश्वेत नै ठीक हुन्थ्यो । किनकि, कसैको देहावसान हुँदा उसको श्रद्धाञ्जलि विज्ञापन प्रकाशित गर्दा पनि हामी दुःखद् क्षण भएकोले रंगीन विज्ञापन छाप्दैनौं, श्यामश्वेत नै छाप्छौं । किनकि, यो दुःखको क्षण हो, सुखद् क्षण होइन ।

पुस्तकका स्वर्गीय सावित्रीका बारेमा धेरै विवरणहरू समेटिएका छन् । छोटोमा सानो पुस्तक पढेपछि स्वर्गीय सावित्री राणा केसीको बारेमा बुझ्न मलाई लाग्छ, अन्त कतै जानु पर्दैन । पुस्तकमा सावित्रीको तस्बिर संग्रहदेखि उनका जीवनका अनेक पाटोहरू समावेश गरिएका छन् । उनको निधनमा मलामी आएकाहरूको नामावलीसम्म समावेश छ । उनको पशुपति आर्यघाटमा अन्तिम दाहसंस्कार गरिएको थियो ।

पुस्तकको प्रकाशक शब्दयात्रा प्रकाशन अक्षरधाम शब्दसाधक तीर्थ बनेपा-६, काभ्रे रहेको छ । पुस्तक प्रकाशनका आर्थिक व्यवस्थापक भने सम्पादकका परिवारजन रहेको छ । पुस्तक २०८० सालमा छापिएको थियो ।

पुस्तकमा स्वर्गीय सावित्रीको स्मृतिमा विभिन्न विद्वानहरूद्वारा लिखित नौ वटा संस्मरण लेखहरू समावेश छन् । पुस्तकमा केसीको जीवनवृत्तान्त, स्वास्थ्य समस्या र विवरणसमेत उल्लेख छ । साथै समाचारहरू, समवेदना सन्देशहरू समावेश छन् । अन्तिम पृष्ठमा भने वंशावली तालिका राखिएको छ ।

# सुदूरका बस्तीमा गुञ्जिए देउडा



■ महादेव अवस्थी

**दोधारा चाँदनी (कञ्चनपुर)**– 'कात्तिक भाइटीका हुन्छ भदौमा सबकी लेखा रक्षा गरे हे देवी गौरा' ।

महेन्द्रनगरस्थित महेन्द्र स्मारमा देउडीया (गीतकार) मञ्जु गिरीले यसै गीतबाट देउडा खेल सुरु गरिन् । देउडा खेल सुरु गर्दा माहोल रोमाञ्चक बन्यो । गौरा पर्वका अवसरमा महेन्द्रनगरका हरेक बस्तीमा देउडा भाका गुञ्जिएका छन् । हरेक वर्ष महेन्द्रनगरको खुलामञ्च र महेन्द्र स्मारकमा महिनौंसम्म चल्ने देउडा खेल यस वर्ष पनि गौरा पर्वसँगै सुरु भएको छ । सुदूरपश्चिमका गाउँ बस्ती यतिबेला देउडा गीतले गुञ्जायमान छन् ।

गौरापर्वको अवसरमा देउडा, ढुस्को, धुमारी र ठाडो खेलको रौनक सुदूरका हरेक बस्तीमा छाएको छ । काठमाडौंको टुँडिखेलदेखि पश्चिमको दार्चुलासम्म देउडा खेलले माहोल रोमाञ्चक बनेको छ । अहिले सुदूरपश्चिमवासी देउडामा रमाएका छन् ।

देउडा डोटचाली लोकसाहित्यको एक प्रमुख विधा हो । यो विधा लोकगीतसँग सम्बन्ध राख्दछ । देउडा गायन र खेल दुवै रूपमा प्रस्तुत हुने गर्दछ । देउडा खेल्दा गोलो घेरामा एकापसमा हात जोडेर गाउँदै पैतलाको तालमा घुम्ने गरिन्छ । पाइतालाको चालकै आधारमा डेड पाइला अगाडि र डेड पाइला पछाडि चलाउँदै खेलिने भएकाले यसको नाम देउडा रहन गएको जानकारहरू बताउँछन् ।

'देउडा खेल्दा डेढ पाइला अगाडि र पछाडि सर्ने भएकाले देउडा भनिएको हो,' साहित्यकार कविराज भट्टले भने, 'देउडा लोकवार्ता र लोकनृत्य पनि हो ।' यो सुदूरपश्चिमको ऐतिहासिक, धार्मिक महत्त्व र पहिचान पनि भएकाले यसको निरन्तरता आवश्यक रहेको उनले बताए । देउडामा देव गाथालाई मनोरञ्जनात्मक रूपमा प्रस्तुत गरिन्छ ।

'देउडा खेलमा दुई वा दुईभन्दा बढी डेउडियाबीच दोहरी हुने गर्दछ,' भट्टले भने, 'यसमा एउटाले प्रश्न सोध्ने र अर्कोले त्यसको तत्काल प्रतिउत्तर दिनुपर्ने हुन्छ ।' देउडामा पुराण, इतिहास, राजनीतिलगायत ज्ञानगुनका विविध विषवस्तुमा आधारित प्रश्न सोधिने गर्दछन्, कतै व्यंग्यको पनि प्रस्तुति हुने सुदूरपश्चिम प्रगतिशील लेखक संघका अध्यक्ष रमेश पन्त बताउँछन् । 'यसमा समाजका राम्रा नराम्रा पक्ष र समसामयिक घटनाको उठानका साथै मायाप्रेम आदिका कुरा पनि आउने गर्दछन्,' उनले भने, 'यो विशेषगरी गौरा तथा मेलापर्वको अवसरमा खेल्ने गरिन्छ ।' देउडा खेल्नका लागि कुनै विशेष पर्व नै हुनुपर्छ भन्ने नहुने उनले बताए ।

'सुदूरपश्चिममा पहिले-पहिले मनोरञ्जनका लागि विवाह, व्रतबन्ध र अन्य चाडपर्वमा पनि खेल्दै आएको पाइन्छ,' उनले भने, 'गौरा पर्वका अवसरमा भने देउडा बढी मात्रामा खेल्ने गरिन्छ ।' डेउडा महिला तथा पुरुषका छुट्टाछुट्टै र कतै मिश्रितरूपमा पनि हुने गरेको पाइन्छ । देउडामा सुखदुःख, मायाप्रेम, हास्याव्यंग्यका साथै विविध ज्ञानगुन र अर्तिउपदेशका प्रश्नउत्तरमा आधारित गीत प्रस्तुत गर्ने गिरी बताउँछिन् ।

'माया पिरतीका कुरा देवीदेवताका कुराकानी गीतमार्फत सवालजवाफ गर्ने गर्छौं,' गिरीले भनिन्, 'देउडामार्फत हुने सवाल-जवाफ रोचक हुने र साथीभाइको भेटघाट हुने माध्यम पनि बनेको छ ।' प्रविधिको विकाससँगै डोटचाली लोकगीतको विकास हुने क्रममा विभिन्न बाजागाजासहित डेउडा गीत रेकर्ड हुने क्रम पनि बढ्दै गएको पाइन्छ । यसरी गीत मात्रै गाउनु डेउडा गीत हो भने गायनसँगै खेल्नु डेउडा खेल हो ।

गौराका अवसरमा गाउँदेखि बजारसम्मका महिला-पुरुष देउडामा रम्न थालेका छन् । महेन्द्रनगर बजार क्षेत्रमा मात्रै एक दर्जन बढी ठाउँमा देउडा खेल सुरु भएको छ । केही ठाउँमा विभिन्न संघसंस्थाले अगुवाइ गरेका छन् । गौरापर्वमा गौराको महत्त्व छुट्टै भए पनि प्रमुख आकर्षण नै देउडा भएकाले युवायुवतीसमेत देउडामा झुम्ने गरेको पाइन्छ । गौरा पर्वका अवसरमा सुदूरपश्चिममा महिनौंसम्म देउडा खेलिन्छ । देउडा गीत एक प्रकारको भाका हो, यसलाई कुनै पनि लयमा ढालेर गाउन सकिन्छ । देउडामा भेदभाव पनि हुँदैन यो खेल नारी पुरुष, युवा पाका सबै पुस्ताले खेल्न पाउँछन्, यसमा जातीय विभेद पनि हुँदैन । पछिल्लो समय यसको महत्त्व अझ बढेको पाइन्छ ।

गौरापर्वकै अवसरमा ढुस्को धुमारीलगायतका खेल पनि खेलिन्छन् । 'यी जति पनि खेल खेलिन्छन्, सबैमा देवी-देवताको गाथा मनोरञ्जनात्मक रूपमा गाइन्छ,' ठाडो खेलका गायक विश्राम भट्टले भने, 'ठाडो खेलमा मादलको तालसँगै पैतला मिलाउँदै देवी-देवताको गाथा मनोरञ्जनात्मकरूपमा गाइने गरिन्छ ।' देउडामा सुदूरपश्चिमको इतिहास, संस्कृति र साहित्य छ । अहिले मनोरञ्जनका रूपमा मात्रै देउडा खेलिन्छ तर देउडा इतिहास र संस्कृतिसँग जोडिएकाले अहिलेका पुस्ताले यसको महत्त्व बुझ्न जरुरी छ । *रासस*


## साउदीमा रोजगार

कम्पनी : GULF ASIA CONTRACTING COMPANY.
शहर : Dahran

पूर्व स्वीकृति मिति : २०८१/०५/११ | LT. No. 309525 | चलानी नं. ६०२२४१९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 50 | 0 | 1000 | ३५,५३५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Steal Fixer | 11 | 0 | 1200 | ४२,६०० | | | | | | | |

कम्पनी : GULF ASIA CONTRACTING COMPANY.

पूर्व स्वीकृति मिति : २०८१/०५/११ | LT. No. 309524 | चलानी नं. ६०२२४२०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason (Nepal) | 40 | 0 | 1200 | ४२,६०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Scaffolder | 55 | 0 | 1200 | ४२,६०० | | | | | | | |

कम्पनी : MASSADR HUMAN RESOURCES SERVICES COMPANY.

पूर्व स्वीकृति मिति : २०८१/०५/११ | LT. No. 309526 | चलानी नं. ६०२२४२००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Kitchen Helper | 50 | 0 | 1100 | ३९,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ १९ गते (4th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैले   सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ३३६/०५९/०६०
AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD. (Kumari Overseas Services Pvt. Ltd.)
Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4112588 , 4111286, 4111287 Fax : +977 1 4112590



## साउदीमा रोजगार

कम्पनी : SEISMIC CONTRACTING COMPANY
शहर : Al-Khobar

पूर्व स्वीकृति मिति २०८०/०५/२५ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/११ | LT. No 292378 | चलानी नं. ६०२०७५७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 8 | 0 | 1200 | ४२,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ १९ गते (4th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैले   सेवा शुल्क: १०,०००


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Superb For Ultimate Manpower Solution Pvt.Ltd
Maligaun, Naxal, (Brihaspati School) Kathmandu, Nepal
Tel : +977-1-4521448 E-mail : info@superbultimate.com
Webiste :www.superbultimate.com



## साउदीमा रोजगार

कम्पनी : MASSADR HUMAN RESOURCES SERVICES COMPANY.
शहर : Al Khobar

पूर्व स्वीकृति मिति २०८१/०५/११ | LT. No. 309535 | चलानी नं. ६०२२४१५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Trucks Driver | 20 | 0 | 1800 | ६४,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ १९ गते (4th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैले   सेवा शुल्क: १०,०००


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम इजाजत नं. १५०/०५६/५७
HYHIRE INTERNATIONAL PVT. LTD.
(EAST WEST OVERSEAS SERVICE PVT. LTD)
Sinamangal-9,Tinkune, Kathmandu, BAGMATI, Tel: +977-01-4481308



## साउदीमा रोजगार

कम्पनी : Khalil Muhammad Hassan Asiri Paper Products Factory
शहर : Jeddah

पूर्व स्वीकृति मिति २०८१/०५/११ | LT. No 309522 | चलानी नं. ६०२२४१४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 8 | 0 | 1200 | ४२,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ १९ गते (4th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैले   सेवा शुल्क: नि:शुल्क


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम इजाजत नं. ९९१/०६७/०६८
MAHAD MANPOWER PVT. LTD.
Tinkune, Kathmandu, Nepal Tel No: +977-1-4112456/ 411 2457
Email Id: info@mahadmanpower.com.np, Web: mahadmanpower.com.np, Job Portal: mahadjobs.com



## साउदीमा रोजगार

कम्पनी : Sami Abdul Rahman Al Luhaidan and Moaz Abdul Rahman Al Luhaidan Company
शहर : Al-Qassim

पूर्व स्वीकृति मिति २०८१/०५/११ | LT. No. 309518 | चलानी नं. ६०२२४१४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 25 | 0 | 1800 | ६४,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : RESTAURANT AHMAD ADIL BEN ABDULGHANI AL-SANAN FOR MEALS

पूर्व स्वीकृति मिति: २०८१/०४/१० | पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/११ | LT. No. 307984 | चलानी नं. ६०२२२६८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factor Upload And Download | 2 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : FINE DINING RESTAURANT SERVING MEALS

पूर्व स्वीकृति मिति २०८१/०४/३२ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/११ | LT. No. 309097 | चलानी नं. ६०२२३६८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 4 | 0 | 1500 | ५३,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : CHEF'S VIEW CATERING

पूर्व स्वीकृति मिति २०८१/०४/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/११ | LT. No. 308411 | चलानी नं. ६०२२३०७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ANOUSH TRADING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०४/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/११ | LT. No. 308410 | चलानी नं. ६०२२३०७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packaging And Wrapping Worker | 5 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ १९ गते (4th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैले   सेवा शुल्क: नि:शुल्क


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Kapeel Manpower Pvt. Ltd.
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407, Mobile: 9851324457, 9823299605
E-mail: kapeelmanpowerpvtltd@gmail.com, Website: www.kapeelmanpower.com.np
श्रम इजाजत नं. १८५/०५७/०५८



## साउदीमा रोजगार

कम्पनी : SHADE CORPORATION LIMITED..
शहर : Dammam

पूर्व स्वीकृति मिति : २०८१/०५/११ | LT. No. 309534 | चलानी नं.६०२२४१६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 24 | 0 | 1000 | ३५,५३५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Driver Heavy Euipment | 1 | 0 | 1800 | ६४,४५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ १९ गते (4th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैले   सेवा शुल्क: नि:शुल्क


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Nasser Outsourcing Consultants Pvt. Ltd.
Ratopool-9, Kathmandu, Nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950,
Email: nocnepal@nassers.org
श्रम इजाजत नं. ६१९/०६३/०६४



## तु-आवश्यकता

यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

1. Public Relation Officer - 4 (M/F)

नोटः +2 Passed, अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, सम्बिन्धित क्षेत्रमा अनुभवी, कम्प्युटरको ज्ञान हुनुपर्ने छ ।

तलबः आपसी समझदारीमा
आवेदन तल दिईएको ईमेल वा ठेगानामा पठाउन सकिनेछ ।

Saudi Nepal Recruitment Agency Pvt.Ltd.
श्रम इजाजत न. ७९७/०६५/०६६
Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal, Tel.+977-01-4720350, 4720849, 5908112, E-mail:info@saudinepal.com, Website :www.saudinepal.com



## शिलवन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०५/१२

यस सामुदायिक वन उपभोक्ता समूहको स्विकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. २१०८ मिति २०८०/१०/२४ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरू मध्ये समूहमा आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरूलाई डिभिजन वन कार्यालय बाँकेको च.नं. ३६९ मिति २०८१/०५/०५ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका साल, असना, कर्मा, धौटी, बोटधएँरो, खयर र बर्रो लगायतका अन्य जातका गोलिया थान २८३३ को २१००५.७२ काठ, साल जातको दाउरा २२.०० चट्टा, अन्य जातको दाउरा ४८.०० चट्टालाई हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक वन पैदावारको लिलाम बिक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचिकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलबन्दी बोलपत्र खरिद गरि २२औँ दिनको दिउँसो १:०० बजेभित्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

श्री कोटही देवि युवा प्रगती सामुदायिक वन उपभोक्ता समूह
राप्ती सोनारी-२, बाँके



## कर्मचारी आवश्यकता

यस म्यानपावर कम्पनीको लागि निम्नलिखित कर्मचारीहरु आवश्यक भएको हुँदा ईच्छुक/दक्ष व्यक्तिहरुले आफ्नो बायोडाटा र प्रमाणपत्रहरु सहित तल उल्लेखित ठेगानामा सम्पर्क गर्नुहोला ।

1. Receptionist- 1 (Bachelor passed )
2. कार्यालय सहायक (Helper)- 1 (SEE Pass)

तलब आपसी सहमतिमा

* सम्बन्धित काममा दक्ष हुनुपर्ने छ । * अनुभवीलाई प्राथमिकता दिईने छ ।

H.K. Employment services Pvt.Ltd.
Koteshwor, Kathmandu, Nepal Tel.: 01-5921286, 5921287,
Email: info@hkemploymentservices.com, Website: www.hkemploymentservices.com



## शुभप्रवा सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.
चाबहिल काठमाडौंको

### १५औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

सूचना प्रकाशित मिति: २०८१ भाद्र १२

उपरोक्त सम्बन्धमा यस शुभप्रवा सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. चाबहिल काठमाडौंको मिति २०८१ साउन २६ गते शनिबार बसेको सञ्चालक समितिको १३३औं बैठकको निर्णय अनुसार तपसिलमा उल्लेखित मिति, स्थान र समयमा देहाय बमोजिमका प्रस्तावहरूमा छलफल गरि निर्णय गर्नको लागि यस संस्थाको १५औं वार्षिक साधारण सभाको आयोजना गरिएको हुँदा उक्त साधारण सभा कार्यक्रममा अनिवार्य उपस्थित भई दिनुहुन सम्पूर्ण शेयर सदस्य ज्यूहरूमा हार्दिक अनुरोध गर्दछौं ।

छलफलका लागि प्रस्तावहरू :
१. सञ्चालक समितिको बार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
२. आ.व. २०८०/८१ को वार्षिक लेखा परिक्षण प्रतिवेदन छलफल गरि पारित गर्ने सम्बन्धमा ।
३. आ.व. २०८०/८१ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन छलफल गरि पारित गर्ने सम्बन्धमा ।
४. आ.व २०८०/८१ मा संचालक समितिले गरेका निर्णयहरू अनुमोदन गर्ने सम्बन्धमा ।
५. आ.व. २०८१/८२ को लागि लेखा परिक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
६. शेयर लाभांस तथा संरक्षित पूँजी फिर्ता कोष बितरण सम्बन्धमा ।
७. साधारण सभाको निर्णय पुस्तिका प्रमाणिकरण गर्न संचालक समिति र शेयर सदस्यहरूको तर्फबाट प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
८. विविध ।

साधारण सभा कार्यक्रम
मिति: २०८१ साल असोज ५ गते शनिबार
स्थान: नवदुर्गा पार्टी भेन्यू, सुकेधारा, काठमाडौं
समय: दिनको १:३० बजे

संचालक समितिको आज्ञाले
तेज नारायण श्रेष्ठ
सचिव

शुभप्रवा सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.
मुख्य कार्यालय चुच्चेपाटी, चावहिल काठमाडौं
फोन नं.४५६१३२७, ४५६१७५६
सदस्य सेवा केन्द्र, न्युरोड, काठमाडौं



## साउदीमा रोजगार

कम्पनी : Fahd Nimran Fahd Al Ajmi Contracting Establishment
शहर : Al Khobar

पूर्व स्वीकृति मिति २०८१/०५/११ | LT. No. 309536 | चलानी नं. ६०२२४१६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ १९ गते (4th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैले   सेवा शुल्क: १०,०००


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Nile International Manpower Agency Pvt. Ltd.
Sinamangal, Kathmandu, Nepal Tel : +977-1-4599491, 4578036, Fax : 00977-1-4494529
Email : nileintl@wlink.com.np/nileintl1@gmail.com /nileintl2008@yahoo.com Website: www.nilegroupofcompanies.com
श्रम इजाजत नं. ८२०/०६६/०६७



## कतारमा रोजगार

कम्पनी : TRINETRA TRADING CONTRACTING AND CLEANING
शहर : Doha

पूर्व स्वीकृति मिति २०८१/०२/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/११ | LT. No. 305726 | चलानी नं. ६०२२०४८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dry Clean Worker | 2 | 0 | 1200 | ४३,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Foreman | 3 | 0 | 2500 | ९०,६९५ | | | | | | | |
| 3 | General Clean Worker | 5 | 0 | 1200 | ४३,५३० | | | | | | | |
| 4 | Helper | 1 | 0 | 1200 | ४३,५३० | | | | | | | |
| 5 | Representative | 2 | 0 | 2500 | ९०,६९५ | | | | | | | |
| 6 | Supervisior | 2 | 0 | 2500 | ९०,६९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ १९ गते (4th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैले   सेवा शुल्क: नि:शुल्क


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Pari Overseas Pvt. Ltd.
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com
श्रम इजाजत नं. ११७७/०७३/०७४



## कतारमा रोजगार

कम्पनी : RANMAL GROUP CONTRACTING WLL
शहर : Qatar,DOHA

पूर्व स्वीकृति मिति २०८१/०५/११ | LT. No 309599 | चलानी नं. ६०२२४२०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Administrative Assistant | 1 | 0 | 2500 | ९२,१९१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | assistant | 1 | 0 | 1100 | ४०,५६४ | | | | | | | |
| 3 | BLACKSMITH | 1 | 0 | 1100 | ४०,५६४ | | | | | | | |
| 4 | brickmason | 1 | 0 | 1100 | ४०,५६४ | | | | | | | |
| 5 | Driver | 1 | 0 | 1100 | ४०,५६४ | | | | | | | |
| 6 | elecric tech | 1 | 0 | 1100 | ४०,५६४ | | | | | | | |
| 7 | LABOUR | 1 | 0 | 1000 | ३६,८७६ | | | | | | | |
| 8 | MASON | 4 | 0 | 1100 | ४०,५६४ | | | | | | | |
| 9 | Mason Assistant | 1 | 0 | 1100 | ४०,५६४ | | | | | | | |
| 10 | PAINTER | 3 | 0 | 1100 | ४०,५६४ | | | | | | | |
| 11 | PIPE FITTER | 4 | 0 | 1100 | ४०,५६४ | | | | | | | |
| 12 | Plaster Technician | 1 | 0 | 1100 | ४०,५६४ | | | | | | | |
| 13 | PLASTER WORKER | 3 | 0 | 1100 | ४०,५६४ | | | | | | | |
| 14 | PLUMBER | 2 | 0 | 1100 | ४०,५६४ | | | | | | | |
| 15 | REINFORCE FITTER | 4 | 0 | 1100 | ४०,५६४ | | | | | | | |
| 16 | STORE KEEPER | 4 | 0 | 1100 | ४०,५६४ | | | | | | | |
| 17 | tile maker | 5 | 0 | 1100 | ४०,५६४ | | | | | | | |
| 18 | WELDER | 1 | 0 | 1100 | ४०,५६४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ १९ गते (4th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैले   सेवा शुल्क: नि:शुल्क


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
Gov. Lic. No. 321158/080/081
Tokha -07, Basundhara, Kathmandu, Nepal Tel : +977-9849476159, 9869416889, 9869730362 E-mail : strikeforceasiarecruitment@gmail.com

## दिवाकरको 'मायाबी' लक्ष्मी पूजामा रिलिज हुने

दिवाकर भट्टराई निर्देशित फिल्म 'मायाबी' आगामी कार्तिक १५ गतेदेखि प्रदर्शनमा आउने भएको छ । कार्तिक १५ गते लक्ष्मी पूजाको दिन हो । निर्देशक भट्टराइले वितरकसँगको छलफलबाट फिल्म लक्ष्मी पूजाको दिन रिलिज गर्ने तय भएको बताए । यो फिल्म निर्माण भएको केही समय भयो । तर, प्रदर्शन मिति तय गर्न भने निर्माणपक्षले सकिरहेको थिएन । अहिले भने तिहारमा रिलिज गर्ने तय गरेको छ । फिल्ममा अभिनेता पल शाह, दीपिका प्रसाई, करिश्मा श्रेष्ठ, सुशील सिटौला, समिम खान लगायतको मुख्य भूमिका छ ।





# अरूणिमा 'कम ब्याक'को फर्स्ट लुक पोस्टर सार्वजनिक




■ प्रभाव संवाददाता

**काठमाडौं–** नायिका अरुणिमा लम्सालको कम ब्याकका रूपमा चर्चा बटुलेको वेबसिरिज 'घर बट इन अमेरिका'को लुक पोस्टर सार्वजनिक गरिएको छ ।

सिरिजकका निर्देशक बिमलेश अधिकारीले सामाजिक सञ्जालमार्फत पोस्टर सार्वजनिक गरेका हुन् । उनले पोस्टर सार्वजनिक गर्दै लेखेका छन्, 'यो विदेशबाट नेपाली कथा वाचनमा एउटा महत्त्वपूर्ण कोशेढुंगा हुनेछ । आगामी वेब सिरिजले विश्वभरका मनहरूलाई जोड्नेछ ।'

यस सिरिजबाट कुनै समयको चर्चित अभिनेत्री अरुणिमा १० वर्षपछि अभिनयमा फर्किने भएकी छन् । यसमा अरुणिमासहित बिमलेश अधिकारी, राधाबाबु लम्साल, खेम शर्मा, आशिष दाहाल, समारोह मैनाली, र रोजिना थापा लगायतका कलाकारहरूको प्रमुख भूमिका रहने छ ।

यस सिरिजको सम्पूर्ण छायांकन अमेरिकामा नै हुने बताइएको छ । अहिले पनि यसको छायांकन जारी रहेको निर्माण पक्षले बताएको छ ।

सिचुएसनल कमेडी-ड्रामा विधामा निर्माण भइरहेको यो सिरिजको लेखक विवेक चम्लागाईं हुन्। सिरिज गोप्य लिभ-इन रिलेसनसिपमा रहेकी छोरी र नेपालबाट पहिलो अमेरिकी भ्रमणमा पुगेका आमाबुवाको कथामा आधारित रहेको बताइएको छ ।

सिरिजको निर्माण सेभेन कलर्स डिजिटलले गरेको हो। सिरिजमा रोशन घिमिरे लाइन प्रोड्युसर, विवेक रसाइली सहायक निर्देशक जिम्मेवारीमा छन् । अबको केही दिनमा टिजर सार्वजनिक गर्ने तयारीमा निर्माण पक्ष रहेको बुझिएको छ ।

# 'सानो संसार'को 'मग मग फूलबारी' सार्वजनिक

**काठमाडौं (प्रस)–** असोज ११ गतेबाट प्रदर्शनको तयारीमा रहेको फिल्म 'सानो संसार'को गीत 'मग मग फूलबारी' सार्वजनिक भएको छ । काठमाडौंमा सोमबार एक कार्यक्रम गरी निर्माण पक्षले गीत सर्वाजनिक गरेको हो ।

गीतमा राजनराज सिवाकोटी र मेलिना राईले स्वर दिएका छन् । गीतको शब्द र संगीत सिवाकोटीकै हो । विवाहको सेटअपमा तयार पारिएको सो गीतमा फिल्मका मुख्का कलाकारहरू फिचर्ड छन् । भिडियोमा सुजैन खड्का र मनोज खड्काको कोरियोग्राफी हेर्न सकिन्छ ।



पारिवारिक कथावस्तुमा निर्माण भएको सिनेमामा हास्य कलाकार केदार घिमिरे 'माग्नेबुढा'की श्रीमती सीतादेवी तिमल्सेनाको मुख्य भूमिका छ ।

फिल्ममा सीतासहित राज पंगेनी शर्मा, अनु दाहाल, अन्जसा रिजाल शिशिर सिवाकोटी, सरिता भण्डारी र जीवन गौतमको अभिनय छ ।

यो फिल्मको प्रदर्शन मिति केही दिनअघि हेरफेर गरिएको हो । पहिला प्रदर्शन मिति असोज १७ गतेलाई तोकिएको थियो । राजधानी मिडिया एड प्रोडक्सन र प्रिन्सेस मूभिजको ब्यानरमा यो फिल्म बनेको हो । यसको सह-निर्माता अर्जुन कुमार र कार्यकारी निर्माता माधव वाग्ले हुन् ।

सिद्धार्थ पुडासैनीले फिल्मको निर्देशन गरेका हुन् । यही सिनेमाबाट उनले लेखन तथा निर्देशनमा डेब्यू गरेका हुन् । उनलाई कथा लेखनमा सरिष्मा खत्रीले सघाएकी छन् ।

# 'तेल भिसा'को पहिलो गीत 'हरि नामभैं' सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** शंकर घिमिरेको लेखन तथा निर्देशनमा मा तयार भएको फिल्म 'तेल भिसा' को पहिलो गीत सार्वजनिक गरिएको छ । सोमबार कृष्ण जन्माष्टमीको अवसर पारेर सार्वजनिक 'हरि नाम भैं' बोलको गीत सार्बजनिक गरिएको हो । कल्याण सिंहको संगीतमा तयार भएको गीतमा हर्क साउदको शब्द रचना छ भने निशान भट्टराई र समीरा थपलियाको गायन छ ।

गीतमा फिल्मका मुख्य कलाकारहरू विपिन कार्की, वर्षा राउत, पूजा चन्द, ऋचा घिमिरे, बुद्धि तामाङ र सुचित्रा उप्रेती प्रस्तुत छन् । विपिन बुबा र छोराको गरी दोहोरो भूमिकामा छन् । छोरा (विपिन कार्की) को सन्तान हुन लागेपछि नेपालबाट आमा (पूजा चन्द) अमेरिका पुगेपछिको अवस्थालाई गीतमा देखाइएको छ । गीतको अन्त्यमा पूजालाई अमेरिकी




प्रहरीको नियन्त्रणमा देख्न सकिन्छ ।

आगामी मंसिर ७ गतेबाट प्रदर्शनको तयारीमा रहेको फिल्ममा अनिल पाण्डे र शिवराज कार्की निर्माता तथा प्रिन्स युवराज कार्की र श्रुती दाहाल कार्यकारी निर्मातामा छन् । फिल्ममा सुशन प्रजापतिको छायांकन, रामजी लामिछाने र शिशिर खातीको कोरियोग्राफी, आशिष अविरल, कल्याण सिंह र कृष्ण भारद्वाजको संगीत, विजय बस्यालको पोस्टर डिजाइन तथा अजय खड्काको सम्पादन छ ।

# एनएफडिसीबाट 'पीताम्बर'को छायांकन पुनः सुरू

■ प्रभाव संवाददाता

**काठमाडौं–** फिल्म 'पीताम्बर'को छायाङ्कनको दोस्रो सेड्युल सुरु भएको छ । बालाजुस्थित एनएफडीसी ल्याबबाट सोमबारदेखि फिल्मको छायाङ्कन सुरु भएको निर्देशक कृषा चौलागाईले जानकारी दिइन् । दोस्रो सेड्युलको पहिलो दिनको छायाङ्कन अभिनेता प्रदीप खड्का र सौगात मल्लले गरे ।

फिल्ममा सौगात र प्रदीपका अलावा दयाहाङ राई, आँचल शर्मा,



प्रमोद अग्रहरी, अनुप विक्रम शाही, दिव्य देव, सुरक्षा पन्त, कामेश्वर चौरासिया, सुपुष्पा भट्ट, गौरव विष्ट, विशाल पहारीको अभिनय रहनेछ । फिल्ममा अभिनेता आर्यन सिग्देल पनि विशेष भूमिकामा देखिनेछन् ।

केही दिनमा काठमाडौँको छायाङ्कन सकेर फिल्म युनिट बाँकी छायाङ्कन सकाउन नवलपरासी पुग्नेछ । फिल्मको पहिलो चरणको छायाङ्कन पनि नवलपरासीमै गरिएको थियो । 'पीताम्बर' कृषाको निर्देशनको दोस्रो फिल्म हो । यस अघि उनले 'ऐंचो पैंचो' निर्देशन गरेकी थिइन् । यो उनको ड्रिम प्रोजेक्ट समेत रहेको बताइन्छ ।

केपी फिल्मस्ले पुरुषोत्तम प्रधान फिल्मससँग सहकार्य गरेको 'पीताम्बर'मा पुरुषोत्तम प्रधान छायाकार हुन् । विशाल चौलागाई निर्माता रहेको फिल्मको बजेट ५ करोड बताइएको छ ।



साफ यू-२० च्याम्पियनसिप

# उपाधि भिडन्त आज

## नेपाल र बंगलादेश फाइनलमा भिड्दै



■ प्रभाव संवाददाता

**काठमाडौं–** दक्षिण एसियाली फुटबल महासंघ (साफ) यु-२० च्याम्पियनपसिप फुटबल प्रतियोगिताको उपाधि भिडन्तमा नेपाल र बङ्गलादेशबीच प्रतिस्पर्धा हुने भएको छ ।

सातदोबाटोस्थित अखिल नेपाल फुटबल सङ्घ (एन्फा) कम्प्लेक्सको खेल मैदानमा आज फाइनल भिडन्तमा दुवै टोलीले उपाधि जित्ने लक्ष्यका साथ मैदानमा उत्रने छन् ।

नेपाली राष्ट्रिय यु-२० टोलीका मुख्य प्रशिक्षक उर्जन श्रेष्ठले करिब ४५ दिन एन्फा मुख्यालयमा नै साफ च्याम्पियनसिपका लागि तयारी गरेको हुँदा फाइनल खेल पनि सोही स्थानमा हुने भएकाले आफ्नो टोलीलाई फाइदा पुग्ने बताए ।

यही भदौ ६ गते भएको समूह चरणको खेलमा नेपालले बङ्गलादेशलाई २-१ गोलअन्तरले पराजित गरेको थियो । प्रशिक्षक श्रेष्ठले समूह चरणको जितले केही अर्थ नराख्ने भन्दै फाइनल खेलका लागि आफ्नो टोलीको तयारी अवस्थामा रहेको बताए ।

श्रेष्ठले भने, 'बङ्गलादेश एकदमै राम्रो टोली हो । सोमबार भारतजस्तो बलियो टोलीलाई उसले हराएको छ । त्यसैले भोलि निकै प्रतिस्पर्धात्मक खेल हुने अनुमान गरेको छु ।' सोमबार भएको सेमिफाइनल खेलमा बङ्गलादेशले भारतलाई पराजित गर्दै फाइनल यात्रा तय गरेको थियो ।

त्यस्तै बङ्गलादेशका मुख्य प्रशिक्षक एकेएम मरूफुल हाकीले नेपाललाई मैदानको फाइदा रहे पनि आफूहरूको मनोबल उच्च रहेको र जितकै लागि खेल्ने प्रतिक्रिया दिए । प्रशिक्षक हाकीले यसअघि समूह चरणको खेलमा नेपालसँग आफ्नो टोली पराजित भए पनि आजको खेलमा उपाधि जित्ने मनोबलका साथ खेल प्रदर्शन गर्ने विश्वास व्यक्त गरे । नेपाल र बङ्गलादेशबीचको फाइनल खेल दिउँसो २:३० बजेदेखि सुरु हुनेछ ।

# दारी ग्याङ फुटसल प्रतियोगिता १४ र १५ गते

■ प्रभाव संवाददाता

**काठमाडौंख–** दारी ग्याङ फुटसल प्रतियोगिता भदौ दोस्रो साता हुने भएको छ । सामाजिक क्षेत्रमा सक्रिय युवाहरूको समूह दारी ग्याङले प्रतियोगिता भदौ १४ र १५ गते काठमाडौंको कान्तिपुर फुटसल एन्ड ट्रेनिङ सेन्टर बूढानीलकण्ठमा आयोजना हुने जानकारी दिएको हो ।

प्रतियोगितामा यसपल्ट राष्ट्रिय फुटबल तथा फुटसल लिगको ए डिभिजन खेलेका खेलाडीहरूले भाग लिन नपाउने नियम बनाइएको छ। यस प्रतियोगितामा देशभरिबाट ३२




टोलीले प्रतियोगितामा भाग लिने आयोजक दारी ग्याङले जानकारी दिएको छ ।

३२ वटै टोलीले दारी ग्याङ फुटसल व्यवस्थापन समितिको नियमानुसार आआफ्नो टोली पनि दर्ता गराइसकेका छन् । प्रतियोगिता पहिलो दिन १४ गते लिग चरणअन्तर्गतका ३२ टोलीको ४८ वटा खेलहरू हुनेछ । जसबाट १६ टोली नकआउट चरणमा प्रवेश गर्नेछन् । प्रतियोगिताको दोस्रो दिन १५ गते नकआउट चरणमा १६ वटा टोलीले उपाधिको लागि प्रतिस्पर्धा गर्नेछन् ।

विजेता ५० हजार रूपैयाँ र उपविजेताले ३० हजार रूपैयाँ पाउने छन् । प्रतियोगिता अवधिभरिको उत्कृष्ट खेलाडी, उत्कृष्ट गोलरक्षक र शीर्ष गोलकर्तालाई पाँच हजार रूपैयाँ दिइने आयोजकले जनाएको छ ।

# गुणराज प्रशिक्षणका लागि अस्ट्रेलिया जाने

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली मुँवाथाईका सफल खेलाडी गुणराज रुचाल वैदेशिक प्रशिक्षणका लागि बुधबार अस्ट्रेलियाको पर्थ जाने भएका छन् । एक महिने प्रशिक्षणका दौरान गुणराजले अस्ट्रेलियामा हुने प्रतियोगितामा पनि सहभागिता जनाउने छन् ।

उनलाई यो अवसर लिजेन्ड्स एकेडेमी पर्थले प्रदान गरेको हो । निःशुल्क प्रशिक्षणका साथै उनको सम्पूर्ण खर्च पनि लिजेन्ड्सले नै बेहोर्ने बताइएको छ। राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टंकलाल घिसिङले गुणराजलाई पाएको अवसरलाई भरपुर सदुपयोग गर्न सुझाउदै मंगलबार बिदाइ गरे ।



अन्तर्राष्ट्रिय प्रतियोगितामा गुणराजले हासिल गरेको सबै भन्दा ठूलो उपलब्धी गत मार्च १९ मा थाइल्यान्डमा भएको १९ औं विश्व मुवाँथाइ च्याम्पियनसिपअन्तर्गत सेमी प्रोको पुरुष ५४ केजीमा स्वर्ण जित्नु हो । विश्व च्याम्पियनसिपको सेमी प्रोमा यो उपलब्धी हासिल गर्ने उनी पहिलो नेपाली मुवाँथाई खेलाडी हुन् ।

# अस्ट्रेलियामा अन्तर्राष्ट्रिय विद्यार्थी भर्ना सीमित गरिँदै



**क्यानबेरा–** अस्ट्रेलियाली सरकारले सन् २०२५ मा विश्वविद्यालय र व्यावसायिक शिक्षा प्रदायकमाभ्र नयाँ अन्तर्राष्ट्रिय विद्यार्थी भर्ना दुई लाख ७० हजारमा सीमित गर्ने मंगलबार घोषणा गरेको छ ।

घोषणाअनुसार अस्ट्रेलियाले आगामी नयाँ वर्षमा सार्वजनिक वित्त पोषित विश्वविद्यालयमा एक लाख ४५ हजार व्यावसायिक शिक्षा र प्रशिक्षण (भिइटी) क्षेत्रमा ९५ हजार तथा अन्य विश्वविद्यालय र गैरविश्वविद्यालय उच्च शिक्षा प्रदायकहरूमा ३० हजार अन्तर्राष्ट्रिय विद्यार्थीलाई अनुमति दिने छ ।

शिक्षामन्त्री जेसन क्लेयरले विश्वविद्यालयलाई सन् २०१९ को तुलनामा १५ प्रतिशत बढी अन्तर ाष्ट्रिय विद्यार्थी भर्ना गर्न अनुमति दिइने तथा भिइटी प्रदायकका लागि २० प्रतिशतले कटौती गरिने जनाएका छन् । उनले निर्धारित सीमाहरू संसद्ले पारित गर्ने बताउँदै अन्तर्राष्ट्रिय विद्यार्थीको संख्या सन् २०१९ को भन्दा सात हजारले कम र २०२३ को भन्दा ५३ हजार कम गर्ने जानकारी दिएका छन् ।

घोषणाअनुसार अन्तर्राष्ट्रिय विद्यार्थीको कोटा पूरा गर्न असफल हुने संस्थाहरूले रिक्त पदहरू अन्य संस्थानहरूमा स्थानान्तरण गर्न सक्छन् । घोषणामा शिक्षा प्रणालीलाई अझ प्रभावकारी र निष्पक्ष रूपमा स्थापना गर्न प्रयत्नशील रहेकाले केही विश्वविद्यालयलाई मात्र नभई सम्पूर्ण क्षेत्रलाई लाभान्वित गर्ने क्लेयरले उल्लेख गरे ।

यसअघि सत्तारुढ लेबर पार्टीले सन् २०२२-२३ मा अस्ट्रेलियाको कूल आप्रवासन संख्या पाँच लाख २८ हजारबाट घटाएर सन् २०२४-२५ सम्ममा दुई लाख ६० हजार बनाउने रणनीतिसहित अन्तर्राष्ट्रिय विद्यार्थी संख्या सीमित गर्ने योजना घोषणा गरेको थियो ।

गत जुलाईमा सरकारले अन्तर ाष्ट्रिय विद्यार्थी भिसा आवेदन शुल्क ७१० अस्ट्रेलियन डलरबाट दोब्बर बढाएर एक हजार ६०० अस्ट्रेलियन डलर बनाएको छ । गैरसरकारी संस्था युनिभर्सिटिज अस्ट्रेलियाका प्रमुख कार्यकारी ल्युक सिहीले अगस्टको सिनेट सुनुवाइमा विश्वविद्यालयको अर्बौं डलर राजस्व खर्च गर्ने र १४ हजार रोजगारी जोखिममा पार्ने जनाएका थिए ।

उनले अन्तर्राष्ट्रिय विद्यार्थीले गत वर्ष अस्ट्रेलियाको कूल गार्हस्थ उत्पादनको आधाभन्दा बढी हिस्सा ओगटेको बताउँदै लगभग उनीहरूले नै राष्ट्रलाई मन्दीबाट जोगाएको उल्लेख गरे । सरकारी तथ्यांकका अनुसार सन् २०२३ मा अस्ट्रेलियाको अर्थतन्त्रमा अन्तर्राष्ट्रिय शिक्षाको मूल्य ४७.८ बिलियन अस्ट्रेलियन डलर थियो । *रासस/सिन्ह्वा*

# गाजाको अवस्था विनासकारी छ : *युएनआरडब्ल्युए*

**न्युयोर्क–** प्यालेस्टिनी शरणार्थीका लागि संयुक्त राष्ट्रसंघीय राहत र कार्य एजेन्सी (युएनआरडब्ल्युए)का अधिकारीहरूले गाजाको अवस्था 'विनासकारी' भएको जनाएका छन् । यसै क्रममा उनीहरूले र विगत दुई हप्तामा गाजामा जारी थप निकासी आदेशको बीचमा मानिसलाई सीमित गरिएको ठाउँ 'धेरै सानो' र साघगुरो भएको पनि दोहोऱ्याएका छन् ।

न्युयोर्कस्थित राष्ट्रसंघको मुख्यालयमा गाजाका युएनआरडब्ल्युएका प्रवक्ता लुइस वार्टरिज र युएनआरडब्ल्युएका प्रथम उपक्षेत्र निर्देशक विसम रोजले भिडियोमार्फत पत्रकारलाई यस्तो जानकारी दिएका हुन् । यसै क्रममा वार्टरिजले हरेक दिन लाखौं मानिसहरू सुरक्षित आश्रयको खोजीमा एक ठाउँबाट अर्को ठाउँमा सर्न बाध्य भइरहेको बताए ।

उनका अनुसार निकासी आदेशपछि गाजामा मानिसहरूले आफ्नो सामान सार्दै छन् अधिकांश मानिसलाई जबरजस्ती सारिएको छ भने विस्थापितका लागि सवारीसाधनको सीमित पहुँच छ र उनीहरूलाई कहाँ जाने भन्ने पनि थाहा छैन ।

उनले खान युनुस र अल-मवासीमा इजरायलले घोषणा गरेको मानवीय क्षेत्रमा, बलौटे जमिनमा भीडभाड रहेको बताउँदै सुरक्षित क्षेत्र भनिएको यस क्षेत्रमा पनि सुरक्षित नरहेकोले मानिसलाई ज्यान जोगाउन सुरक्षित ठाउँ नभएको बताएका छन् । युएनआरडब्ल्युएका प्रथम उपक्षेत्र निर्देशकले हालैको निकासी आदेशले इजरायलको मानवीय क्षेत्रलाई सम्पूर्ण गाजा पट्टीको ११ प्रतिशतमा मात्र कायम गरेको बताए ।

जहाँ मानिस भेला भई बाँच्नका लागि प्रयास गर्ने बताउँदै उनीहरू कयौं बाध्यताबीच 'असम्भव विकल्प' सामना गर्ने गरेको जानकारी उनले दिए । उनले यस क्षेत्रमा पोलियो फैलिनसक्ने चेतावनी दिँदै कुपोषित बालबालिकामा विनासकारी स्वास्थ्य क्षेत्र, दुषित पानी र सरसफाइको अवस्थाले उनीहरूको प्रतिरक्षा प्रणाली कमजोर भएको उल्लेख गरे । अधिकारीले पोलियो खोप अभियानलाई सफल बनाउनका लागि आफ्नो प्रयासलाई निर्देशन दिइरहेको र अर्को शनिबारदेखि अभियान सुरु हुने बताए । *रासस/एजेन्सी*


**Kaligandaki Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Birgha, Syangja**

**Invitation for Online Bids**

**First Date of publication: 27th August 2024 (11th Bhadra 2081)**

1. Kaligandaki Rural Municipality, Syangja invites **electronic bids** from eligible bidders for following works:

| S.N | Contract No. | Name of contract | Bid Security Amount (validity period) | Estimated cost (without VAT and contingencies) | Bid document fee | Bid submission Date and time |
|---|---|---|---|---|---|---|
| 1 | KLGD/W/NCB/ HCR/02/081/82 | Upgrading of Hatiya Chiuribot Rural Road | 3,60,000 (120 days) | 1,29,58,950.34 | 3000 | Last Submission: 2024-09-26 12:00Hrs Bid Opening: 2024-09-26 13:00Hrs |

2. Eligible bidders may obtain further info and inspect the bidding document at the office of Kaligandaki Rural Municipality or may Visit PPMO website www.bolpatra.gov.np/egp

Government of Nepal
Ministry of Urban Development
Department of Urban Development and Building Construction
**Project Office of Urban Development and Building Construction, Dang**

**Invitation for Bids**

Notice No. PUDBC/Dang/01/2081/082
First Date of Publication: 2081/05/12 (28th August, 2024)


1. PUDBC, Dang invites electronic bids from duly eligible and qualified registered bidders for the procurement of following works under NCB single stage single envelope bidding procedures.

| Contract No/ID | Description of Works | Estimated Amount (Including PS and Excluding VAT and Contingencies (NRs) | Bid Security Amount (NRs) | Bid Document Fee (NRs) |
|---|---|---|---|---|
| PUDBC/Dang/NCB/ Works/01/2081/082 | Road Upgradation Works in Dummargaaun Gyanjyoti School Lammi Danda Hapur Section of Ghorahi Sub Metropolitian City13, Dang District | 85,62,898.33 | 2,50,000.00 | 3,000.00 |
| PUDBC/Dang/NCB/ Works/02/2081/082 | Road Upgradation Works of the Lower Damodar Road from JandraGaun to Saudiyar at Ghorahi Sub Metropolitian City-06, Dang District | 85,62,160.00 | 2,50,000.00 | 3,000.00 |
| PUDBC/Dang/NCB/ Works/03/2081/082 | Road Upgradation Works from Ward Office- Ekalgharuwa-Karmatuwa-Karmatika Bhaguwar at Ghorahi Sub Metropolitian City-09, Dang | 85,61,916.25 | 2,50,000.00 | 3,000.00 |
| PUDBC/Dang/NCB/ Works/04/2081/082 | Road Upgradation Works from Gorahi Sub Metropolitian City-10 Thaatigaaun-Tallo Saipur-Nagendra Budha House to Danda Rakshyachaur of Gorahi Sub Metropolitican City, Dang District | 85,59,625.31 | 2,50,000.00 | 3,000.00 |
| PUDBC/Dang/NCB/ Works/05/2081/082 | Integrated Infrastructure Development Construction Works at Dense Community of Rapti Rural Municipality-02, Dang District, Lumbini Province | 85,60,292.35 | 2,50,000.00 | 3,000.00 |
| PUDBC/Dang/NCB/ Works/06/2081/082 | Road Upgradation Works Linking Jamuna Chowk- MaharaTol-Katuwakhola at Ghorahi Sub Metropolitian City 17, Dang District | 85,59,619.94 | 2,50,000.00 | 3,000.00 |
| PUDBC/Dang/NCB/ Works/07/2081/082 | Road Upgradation Works from Ram Prasad Chaudhary's House to South TekBahadur's House and Hurmat Chaudhary's House to South Moti Chaudhary's House at Pakwai Ghorahi Sub Metropolitian City-06, Dang District | 1,30,93,666.11 | 3,80,000.00 | 3,000.00 |
| PUDBC/Dang/NCB/ Works/08/2081/082 | Road Upgradation Works from Pakwai Village to East Dharapani Connecting Buddhimarga Road at Ghorahi Sub-Metropolitian City-06, Dang | 1,30,94,171.92 | 3,80,000.00 | 3,000.00 |
| PUDBC/Dang/NCB/ Works/09/2081/082 | Upgradation of Road from Laliguras Tol - Damodar Road-Sisne Muhan TolDharapani Temple at Ghorahi Sub Metropolitian City-06, Dang District | 85,61,272.89 | 2,50,000.00 | 3,000.00 |
| PUDBC/Dang/NCB/ Works/10/2081/082 | Road Upgradation Works in Jeetpur-Nawalpur-Khaadre-Daandatole-Khumkhaani Section at Tulsipur Sub-Metropolitian City-04, Dang District | 85,62,556.56 | 2,50,000.00 | 3,000.00 |
| PUDBC/Dang/NCB/ Works/11/2081/082 | Road Upgradation Works of the Road linking Bankatti-Ranipur at Lamahi Municipality 02, Dang District | 85,61,299.86 | 2,50,000.00 | 3,000.00 |
| PUDBC/Dang/NCB/ Works/12/2081/082 | Road Upgradation Works from Kachila to Haripaura of Tulsipur Sub Metropolitian City-12, Dang District | 85,59,680.07 | 2,50,000.00 | 3,000.00 |
| PUDBC/Dang/NCB/ Works/13/2081/082 | Road and Drain Upgradation Works in Loktantrik Tol at Ghorahi Sub Metropolitian City-17, Dang District | 85,63,246.58 | 2,50,000.00 | 3,000.00 |

2. All bidders must submit their bid electronically. Electronic bid must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 noon, on 2081/06/11 (27th September, 2024) (or as per the date adjusted by e-GP System). Further information can be obtained from www.bolpatra.gov.np/egp or from **Project Office of Urban Development and Building Construction, Dang**, Tel 082-560027, E-mail: pudbcdang@gmail.com
3. The Employer reserves the right to amend and correct at any time or to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever before the contract.

**Project Chief**


# जापानमा चक्रवातका कारण उडान र रेल सेवा अवरुद्ध



**टोकियो–** दक्षिण जापानतर्फ मंगलबार भारी वर्षासँगै एउटा शक्तिशाली चक्रवात दक्षिणी जापानतर्फ अघि बढेसँगै देशको उडान र रेल सेवाहरू अवरुद्ध भएका छन् । 'टाइफुन सानसान' प्रतिघण्टा २१६ किलोमिटरको गतिले दक्षिणी अमामी द्वीपसमूहतर्फ अघि बढिरहेको मौसम पूर्वानुमानकर्ताले बताएका छन् । भारी वर्षाका कारण हामामात्सु र टोयोहाशीको मध्यसहरमा बुलेट रेल सेवा अवरुद्ध गरिएको थियो । जापान एयरलाइन्सले मंगलबार र बुधबार ११६ वटा आन्तरिक उडान र छ वटा अन्तर्राष्ट्रिय उडानहरू रद्द गर्ने बताएको छ ।

मध्य सिजुओका क्षेत्रमा भारी वर्षा र सम्भावित भूस्खलन र दक्षिणी अमामी क्षेत्रमा आँधीको चेतावनी दिँदै जापान मौसम विज्ञान विभागले त्यहाँका बासिन्दालाई सम्भावित खतरनाक ठाउँमा नबस्न आग्रह गरेको छ । 'टाइफुन सानसान' यस हप्ताको अन्त्यमा मुख्य दक्षिणी टापु क्युशुतर्फ लाग्ने अपेक्षा गरिएको छ ।

जापानमा आएको आँधीले यस महिना सयौं उडान र रेल सेवा अवरुद्ध गरेको छ । भारी वर्षाको बावजुद टाइफुन सानसानले टोकियो सहर पार गरी प्रशान्त तटतर्फ अघि बढेकाले सहरमा सामान्य क्षति पुगेको छ । तटीय रेखाको नजिकमा रहेका क्षेत्रमा बारम्बार आँधी आइरहेको र जलवायु परिवर्तनका कारण यसको प्रभाव तीव्र र लामो समयसम्म रहने गत महिना जारी एक अध्ययनले जनाएको छ । *रासस/एएफपी*

# भियतनामले अक्टोबरमा नयाँ राष्ट्रपति पाउने

**हनोई–** भियतनामको राष्ट्रियसभाले अक्टोबरमा देशको नयाँ राष्ट्रपति चयन गर्ने राष्ट्रिय सञ्चारमाध्यमले मंगलबार बताएको छ । कम्युनिस्ट पार्टीको महासचिव शीर्ष पदमा रहने भियतनामको चार स्तम्भ नेतृत्व संरचनामा राष्ट्रपति एक प्रमुख पद हो जसमा प्रधानमन्त्री र राष्ट्रियसभाको प्रमुख पनि समावेश रहेका छन् ।

'राष्ट्रियसभाले अक्टोबरमा आफ्नो नियमितसत्रमा राष्ट्रपतिको रिक्त पदपूर्ति गर्ने छ,' राज्यद्वारा सञ्चालित भ्वाइस अफ भियतनामले मंगलबार राष्ट्रियसभाको स्रोतलाई उद्धृत गर्दै जनएको हो ।

भियतनामका कम्युनिस्ट पार्टी, केन्द्रीय समितिका महासचिव गुयेन फु ट्रोङको मृत्युपछि वर्तमान राष्ट्रपति टू लामलाई यस महिना सत्तारुढ कम्युनिस्ट पार्टीको महासचिव नियुक्त गरेपछि राष्ट्रपतिको पद रिक्त भएको हो । सन् २०११ देखि कम्युनिस्ट पार्टी प्रमुख रहेका ट्रोङ अक्टोबर २०१८ देखि अप्रिल २०२१ सम्म आफैं राष्ट्रपतिको पद पनि सम्हालेका थिए ।

स्थिरतमा जोड दिने एकदलीय देश भियतनाममा राजनीतिक परिवर्तनहरू दशकौंसम्म सावधानीपूर्वक व्यवस्थित गरिएको थियो । तर, 'ब्लेजिङ फरनेस' भनिने एउटा प्रमुख भ्रष्टाचारविरोधी शुद्धीकरणले हालका वर्षहरूमा देशका केही शीर्ष नेताहरूसहित धेरै राजनीतिज्ञ र अधिकारीहरूलाई भ्रष्टाचार अभियोग लगाएपछि भियतनामले भर्खरै राजनीतिक उथलपुथल देख्न थालेको छ । *रासस/एएफपी*


## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा- सोहखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सन्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मल: स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य
| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १,५२,३०० | प्रति तोला – - | प्रति तोला – १८४० |

## ट्रेडिङबाट उत्पादनउन्मुख हुनु सुखद् : अर्थमन्त्री




**काठमाडौं (प्रस)–** नाडा अटो शो सुरू भएको छ । काठमाडौंको भृकुटीमण्डपस्थित प्रदर्शनी कक्षमा मंगलबार उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले उद्घाटन गरेसँगै नाडा अटो शो सुरू भएको हो ।

नाडा अटोमोबाइल्स एशोसियसन अफ नेपालको आयोजनामा हरेक वर्ष सवारीसाधनको प्रदर्शनी नाडा अटो शो हुँदै आएको छ । मंगलबारदेखि सुरू भएको अटो शो २०२४ भदौ १६ आइतबारसम्म चल्ने छ ।

उद्घाटन कार्यक्रममा अर्थमन्त्री पौडेलले अटोमोबाइल क्षेत्र हिजोको जस्तो अवस्थाबाट नहेरिने बताए । सरकार कुनै पनि व्यवसायीलाई दुःख दिने कुरामा विश्वास नगर्ने भन्दै उनले कसैले दुःख दिए सिधै मन्त्रीलाई भन्न आग्रह गरे ।

ट्रेडिङबाट उत्पादनउन्मुख हुनु नेपालको अटोमोबाइलका लागि सुखद् भएको मन्त्री पौडेलले बताए । यस्तै नाडाका अध्यक्ष करण चौधरीले सरकारले अटोमोबाइल क्षेत्रलाई गरेको उपेक्षा हट्नुपर्ने बताए । यो नाडा अटो शोको १६औं संस्करण हो । यो वर्षको अटो शो इभीमय बनेको छ । यो वर्षको अटो शोलाई व्यवस्थित बनाउने नाडाले हरसम्भव प्रयास गरेको नाडा अटो शोका संयोजक अनुप बरालले बताए । शोमा १३० वटा स्टल छन् ।

## ऊर्जा क्षेत्रको विकासका लागि पूर्वमन्त्रीहरूसँग छलफल

■ प्रभाव संवाददाता

**काठमाडौं–** पूर्वऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्रीहरूले मुलुकको ऊर्जा क्षेत्रको विकासका लागि राष्ट्रिय सहमति आवश्यक रहेको बताएका छन् । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले मन्त्रालयमा आयोजना गर्नुभएको पूर्वमन्त्रीसँगको छलफलमा उनीहरूले ऊर्जा क्षेत्रको विकासमा सबै राजनीतिक दलले एउटै धारणा बनाएर अगाडि बढ्नुपर्ने बताएका हुन् ।

छलफलमा ऊर्जामन्त्री खड्काले सरकारले आगामी १० वर्षमा २८ हजार पाँच सय मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएकाले यसलाई पूरा गर्न पूर्वमन्त्रीको राय र सुझाव आवश्यक रहेको बताए । 'मुलुकले सबैभन्दा ठूलो आयस्रोतका रूपमा ऊर्जा क्षेत्रलाई लिएको छ, यसलाई कसरी अगाडि बढाउन सकिन्छ, यहाँहरूजस्ता पूर्वमन्त्रीको अनुभव, राय र सल्लाह मन्त्रालयलाई आवश्यक पर्छ', उनले भने । मन्त्री खड्काले बुढीगण्डकी, दूधकोशी, नलगाड, फुकोट कर्णाली, पञ्चेश्वर, माथिल्लो अरुण जलविद्युत्जस्ता आयोजनालाई लगानी कसरी जुटाएर अगाडि बढाउन सकिन्छ, उच्च क्षमताको विद्युत् प्रसारण लाइन निर्माण र विस्तारमा निजी क्षेत्रलाई कसरी आकर्षण गर्न सकिन्छ भन्नेबारे पूर्वमन्त्रीको राय सुझाव मागेका थिए ।

यस्तै छिमेकी मुलुक भारत, चीन र बङ्गलादेशसँग विद्युत् व्यापारमा सन्तुलन कायम गर्ने र अधिकतम लाभ लिने विषय, विद्युत् निर्यातमा भारत, चीनबाहेक अन्य मित्रराष्ट्रसँगको लगानीका लागि सम्भावनाका विषय, संसद्मा दर्ता भएको विद्युत् विधेयकसम्बन्धी विषयलाई अगाडि बढाउनेबारे छलफल गरेका थिए ।

पूर्वमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले मुलुकको समृद्धिको क्षेत्र जलस्रोत क्षेत्र भएकाले यसलाई अधिकतम् प्रयोग गरेर देशले फाइदा लिनुपर्ने बताए । 'समयमै आयोजना नसकिँदा लागत बढेर गएको छ, यसलाई सुक्ष्म रूपमा विश्लेषण गरेर समाधानतर्फ लाग्नुपर्छ', उनले भने । पूर्वमन्त्री कार्कीले जलविद्युत् निर्यात गर्ने मुलुकका रूपमा नेपाललाई स्थापित गर्नका लागि मुलुकको ध्यान जलविद्युत् क्षेत्रको विकासमा हुनुपर्ने उल्लेख गरे । विद्युत् क्षेत्रको विकास नभई मुलुकको विकास हुन नसक्ने उनको भनाइ थियो ।

पूर्वमन्त्री डा प्रकाशशरण महतले विद्युत् उत्पादनसँगै प्रसारण लाइनको विकासलाई समेत प्राथमिकता दिनुपर्ने बताए । 'जलविद्युत्गृहमा समयमै प्रसारण लाइन नजोडिँदा उत्पादित बिजुली खेर जाने अवस्था आएको छ, यसलाई सम्बोधन गर्न मन्त्रालयले विशेष ध्यान दिनुपर्छ', उनले भने । डा महतले डेडिकेटेड र ट्रङ्कलाइनका सम्बन्धमा देखिएको विवादलाई कानुनबमोजिम टुंग्याउनुपर्ने बताए । उनले जलस्रोतसँगै सौर्य ऊर्जालाई समेत प्राथमिकता दिनुपर्ने उल्लेख गरे ।

पूर्वमन्त्री जनार्दन शर्माले प्रसारण लाइन निर्माणको जिम्मा निजी क्षेत्रलाई दिनुपर्ने बताए । राज्यको नेतृत्व रहनेगरी प्रसारण लाइन निर्माणको जिम्मा निजी क्षेत्रलाई दिनुपर्ने उनको भनाइ थियो ।

पूर्वमन्त्री वर्षमान पुनले मुलुकको राष्ट्रिय प्राथमिकता ऊर्जा क्षेत्र भएकाले ऊर्जा विकासमा सबै पार्टीको एउटै धारणा हुनुपर्ने बताए । पूर्वमन्त्री शक्तिबहादुर बस्नेतले मुलुकको ऊर्जा क्षेत्रको विकासका लागि मन्त्रालय, नेपाल विद्युत् प्राधिकरण र विद्युत् विकास विभागबीच समन्वय आवश्यक रहेको बताए । उनले ऊर्जा क्षेत्रलाई अगाडि बढाउन जलाशययुक्त आयोजनालाई अगाडि बढाउनुपर्ने उल्लेख गरे । पूर्वमन्त्री गोकर्ण विष्टले मुलुकमा ऊर्जा सन्तुलनका लागि जलाशययुक्त आयोजनालाई अगाडि बढाउनुपर्ने बताए । पूर्वमन्त्री महेन्द्रबहादुर शाहीले निजी क्षेत्रलाई ऊर्जा क्षेत्रमा आकर्षण गर्न जरुरी रहेको उल्लेख गरे ।

## कर्पोरेट

### नाडा अटो शोलक्षित नबिलको विशेष अटोलोन योजना

**काठमाडौं (प्रस)–** नबिल बैंक लिमिटेडले आउँदो नाडा अटो शो २०२४ लक्षित गर्दै अटो लोन फाइनान्सिङका लागि विशेष योजना सार्वजनिक गरेको छ । भदौ ११ गते देखि भदौ १७ गतेसम्म काठमाडौंको भृकुटीमण्डपमा सञ्चालन हुने अटो मोबाइलको कुम्भमेलाका रूपमा लिइने नाडा अटो शोलाई केन्द्रित गरेर यो योजना ल्याइएको हो ।




यस योजनाअन्तर्गत, नबिल बैंकले ५ वर्षका लागि ८.२५ प्रतिशत र ७ वर्षका लागि ८.४९ प्रतिशत स्थिर ब्याजदरको आकर्षक प्रस्ताव ल्याएको छ । यसले अटो मोबाइल खरिद गर्न चाहने ग्राहकहरूलाई दीर्घकालसम्म सुलभ र स्थिर वित्तीय सहायता उपलब्ध गराउन मद्दत पुऱ्याउने विश्वास गरिएको छ । ग्राहकहरूको सुविधाका लागि नबिल बैंकले नाडा शोका क्रममा स्टल नम्बर इ-१९ मा छुट्टै सेवा केन्द्र राखेको छ । शोमा सहभागी हुने ग्राहकहरूले गाडी छनोट गरी कर्जाको लागि अफर लेटर तुरुन्तै उपलब्ध गराइनेछ । यसका अतिरिक्त, नबिल बैंकले आफ्ना ग्राहकहरूलाई आकर्षित गर्न अन्य विभिन्न अफरहरू पनि प्रस्तुत गरेको छ । चाडपर्वको माहौललाई ध्यानमा राख्दै, नबिल बैंकले वित्तीय सहजता प्रदान गर्न र अटो मोबाइल खरिदको प्रक्रियालाई सरल बनाउन यो विशेष योजना सार्वजनिक गरेको हो ।

### सिएफमोटोको एड्भेन्चर टुरिङ मोटरसाइकल सार्वजनिक



**काठमाडौं (प्रस)–** विश्वभर प्रशिद्ध मोटरसाइकल निर्माता सिएफमोटो अत्यन्त प्रतिक्षित ४५०एमटीलाई नाडा अटो शो २०२४ मा लन्च भएको छ । उक्त मोटरसाइकलको अर्थमन्त्री विष्णुप्रसाद पौडेल, गैरी देङ, एओलिन बीयू- मार्केटिङ म्यानेजर एण्ड सेल्स म्यानेजर सिएफमोटो चाइना, रोहिन अग्रवाल प्रोप्राइटर ऋषि ट्रेड सेन्टर, उज्वल जोशी जनरल म्यानेजर ऋषि ट्रेड सेन्टर, नाडाले सार्वजनिक गरेका थिए । ऋषि ट्रेड सेन्टरले विशेष रूपमा वितरण गरेको ४५० एमटीले देशभरका मोटरसाइकल प्रेमीहरूका लागि एडभेन्चर टुरिङ अनुभवलाई पुनः परिभाषित गर्ने भएको छ । ऋषि ट्रेड सेन्टर द्वारा वितरण गरिने ४५० एमटीले नेपालभरका मोटरसाइकल प्रेमीहरूको एड्भेन्चर टुरिङ अनुभवलाई नै नयाँ परिभाषा दिनेछ । यसका अत्याधुनिक डिजाइन, शक्तिशाली पर्रफर्मेन्स र उत्कृष्ट सुविधा ले यो मोटरसाइकललाई रोड तथा अफ रोडमा रोमाञ्चक यात्रा खोज्नेहरूको लागि एक योग्य साथी बनाउँछ । यो मोटरसाइकलको मूल्य रु.१२,४९,९०० रहेको छ । उक्त मोटरसाइकलमा १७ लिटरको फ्युल ट्यांकी रहेको छ ।

### जिहोको विद्युतीय स्कुटर सार्वजनिक

**काठमाडौं (प्रस)–** नवीनतम इलेक्ट्रिक स्कुटरमा अग्रणी, जीहोले एई४ इलेक्ट्रिक स्कुटर नेपालमा सार्वजनिक गरेको छ । जीहो एइफोरको उद्घाटन सेल्स म्यानेजर एलेक्स झू, जेरी कियान, कस्टमर सर्भिस इन्जिनियर सीएफमोटो जिहो, रोहिन अग्रवालका प्रोप्राइटर ऋषि ट्रेड सेन्टर र उज्जवल जोशी जनरल म्यानेजर तथा पूर्व मिस इन्टरनेसनल नेपाल नीति शाहले संयुक्त रूपमा गरेका थिए ।



नयाँ मोडेलले स्मार्ट प्रविधि, उच्च पर्फर्मेन्स र दैनिक सहजताको अद्भुत संयोजन प्रदान गर्दै यात्रा अनुभवलाई सुधार गर्ने लक्ष्य राखेको छ । ऋषि ट्रेड सेन्टर मार्फत उपलब्ध, एईफोले शहरी जीवनलाई वातावरणमैत्री ढंगले पनि सहज बनाउने छ । यो स्कुटरको मूल्य रु.२,९९,९०० तोकिएको छ ।यो स्कुटरले ३.० किवा मोटरले यात्राका लागि उपयुक्त शक्ति प्रदान गर्दै + ६५ किमी/घण्टा को गति पुऱ्याउन सक्छ । यसको ३१ लिटरको भण्डारण क्षमता र फराकिलो एक्सएल सिटले यसलाई सहज र व्यावहारिक बनाउँछ, जसले व्यस्त जीवनमा आवश्यक आराम प्रदान गर्दछ ।

### टाटाको पन्च इभी नेपाली बजारमा




**काठमाडौं (प्रस) –** टाटा मोटर्सको नेपालस्थित आधिकारिक विक्रेता सिप्रदी ट्रेडिंग प्रा.लि. ले पन्च इभी नेपाली बजारमा सार्वजनिक गरेको छ । राजधानीको भृकुटी मण्डपमा आजदेखि सुरु भएको '१६ औं टाटा इभी नाडा अटो सो २०२४' मा पन्च इभीको विक्री वितरण आरम्भ गरेको हो । टाटा पन्च इभी शुरुवाति मूल्य रु. ३३ लाख ९९ हजारमा सार्वजनिक गरिएको हो ।

बहुप्रतिक्षित पन्च इभी उत्कृष्ट एक्ट इभी प्योर प्ल्याटफर्म आर्किटेक्चरमा आधारित टाटाको पहिलो उत्पादन पन्च इभी अत्याधुनिक प्रविधियुक्त छ । १६ इन्च एलआरआर टायर, १९० मिमी ग्राउन्ड क्लियरेन्सको साथ पन्च इभीमा २५ किलोवाट (एमआर) र ३५ किलोवाट (एलआर) दुई भिन्न ब्याट्री प्याक रहेका छन् । यसका साथै यस गाडीमा ९०-डिग्रीको कोणमा खुल्ने ढोका, ३६६ लिटरको बुट स्पेस, फ्रंकमा १४ लिटरको थप स्पेस रहेको छ । नेपालको विभिन्न भुभागमा गरेको परीक्षणको अनुसार गाडीले २७० देखि २९० किलोमिटर सम्मको रेञ्ज प्रदान गर्नेछ । पन्च इभीमा १ लाख ६० हजार किलोमिटर वा ८ वर्षसम्मको वारेन्टी दिएको छ ।

नेपालभरी टाटा इभी गाडीका लागि २६ डिसी फास्ट चार्जिङ्ग स्टेशन, १५० बढी एसी फास्ट चार्जिङ्ग, १५० बढी एसी स्लो चार्जिङ्ग नेटवर्क छ। यसैगरि १६ इभि डेडिकेटेड सेवा सञ्जाल, र २२ बटा बिक्री केन्द्र रहेका छन् ।

## नेप्सेमा पहिरो, १११ ले घट्यो परिसूचक

**काठमाडौं (प्रस)–** यो सातामा कारोबारको दोस्रो दिन पनि पुँजीबजारमा उच्च अङ्कको गिरावट देखिएको छ । आइतबार ७९ दशमलव ८८ अङ्कले घटेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक मंगलबार एक सय ११ दशमलव ९६ अङ्कले घटेर दुई हजार सात सय ८२ दशमलव ६० को बिन्दुमा कायम भएको छ ।

नेप्से परिसूचक तीन दशमलव ८६ प्रतिशतले घटेको हो । तीन सय ३० कम्पनीको चार करोड ३८ लाख ६८ हजार नौ सय ७० कित्ता शेयर दुई लाख ३४ हजार तीन सय ६० पटक खरिदबिक्री हुँदा रु १८ अर्ब ६४ करोड ९५ लाख ३३ हजार एक सय ७० बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

होटल तथा पर्यटन समूह शून्य दशमलव ४३ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै बैंकिङ चार दशमलव ९२, विकास बैंक चार दशमलव १८, वित्त चार दशमलव ६९ र लगानी समूह चार दशमलव १३ प्रतिशतले घटेको छ । त्यस्तै, जलविद्युत् तीन दशमलव ९६, जीवन बीमा तीन दशमलव ६५, उत्पादन तथा प्रशोधन दुई दशमलव ९३, लघुवित्त दुई दशमलव ९६, म्युचुअल फन्ड एक दशमलव ०९, निर्जीवन बीमा दुई दशमलव ४५, व्यापार दुई दशमलव १६ र अन्य समूह तीन दशमलव ८५ प्रतिशतले घटेको छ ।

तारागाउँ रिजेन्सी होटल लिमिटेड, आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेड र दोल्ति पावर कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने नेपाल फाइनान्स लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रु ६५ करोड ४२ लाख नौ हजार पाँच सय ८२ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर सफ्याका आधारमा भने अपि पावर कम्पनी लिमिटेडको १४ लाख ५९ हजार चार सय ५० बराबरको कारोबार भएको छ ।

भू-क्षय न्यूनीकरणका उपाय
- वस्तीको माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं,
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं,
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं,
- जमिन चिरा परेको स्थानलाई पुरौं र सजगता अपनाऔं,
- भौगोलिक अवस्था विचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं,
- जथाभावी डोजर/स्काभेटर प्रयोग नगरौं,
- विकास गर्दा विनाश ननिम्त्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागि::arketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ